का.जि.प्र.का.द.नं. १००/०५९/६०
- वर्ष १८, अंक ११३
- ३२ जेठ २०७७, आइतबार
- 14 June 2020, Sunday

www.madhyanhadaily.com

पृष्ठ ४ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

**अपडेट: शनिबार साँझसम्म**

| | संक्रमित | निको भएको | परीक्षण गरिएको | आइसोलेसनमा | मृत्यु |
|---|---|---|---|---|---|
| नेपालमा | ५३३५ जना | ९१३ जना | १२७२८८ | ४४०४ | १८ जना |

स्रोत : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | ७७ लाख ९७ हजार | ३९ लाख ९३ हजार | ४ लाख ३० हजार | ३३ लाख ७३ हजार |

स्रोत : वर्ल्डोमिटर डटकम

# लिम्पियाधुरासम्म फैलियो नेपाल

## ■राष्ट्रिय सहमतिमा संविधान संशोधन ■संशोधनको पक्षमा २५८ मत, १२ सांसद अनुपस्थित

**भारतले नेपाली भूमि अतिक्रमण गरी चीनको मानसरोवर जोड्ने सडक उद्घाटन गरेपछि शनिबारको संघीय संसदको प्रतिनिधिसभाबाट राष्ट्रिय सहमतिका साथ नेपालको नयाँ राजनीतिक तथा प्रशासनिक नक्सा समेट्दै संविधान संशोधन भएको छ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३१ जेठ।

नेपालको नयाँ राजनीतिक तथा प्रशासनिक नक्शा निशान छापमा समावेश गर्न प्रस्तुत 'नेपालको संविधान (दोस्रो संशोधन) विधेयक, २०७७' लाई प्रतिनिधिसभाबाट दुई तिहाइ भन्दा बढी मतले पारित भएको छ। दशकौँदेखि भारतको कब्जामा रहेको लिम्पियाधुरा, लिपुलेक, कालापानीलगायत नेपालको भूभाग समेटिएको नक्शा नेपालको संविधानको अनुसूची ३ मा रहेको निशान छापमा समावेश गर्न ल्याइएको उक्त विधेयक प्रतिनिधिसभा बैठकबाट पारित भएको हो।

संविधानत: विधेयक पारित हुन प्रतिनिधिसभामा हाल कायम रहेका सदस्यको दुई तिहाइ बहुमत आवश्यक पर्छ। प्रतिनिधिसभामा सहभागी सवै दल र सांसदहरुले संशोधनको पक्षमा मतदान गरी राष्ट्रियताका विषयमा अभूतपूर्व एकता प्रदर्शन गरेका छन्। शनिबार भएको मतदानमा संशोधनका पक्षमा २५८ मत प्राप्त भएको थियो।

यसअघि २०७२ फागुन ११ गते पहिलो पटक संविधान संशोधन भएको थियो। प्रतिनिधिसभाका कुल सदस्य मध्ये बैठकमा सहभागी २५८ जनाले मतदानमा भाग लिएका थिए। यो संख्या प्रतिनिधिसभामा तत्काल कायम २७५ सदस्यको दुई तिहाइ भन्दा बढी हो। विपक्षमा पनि कुनै पनि मत परेन।



मतदान हुनुअघि संशोधन प्रस्तावलाई सभामुख अग्निप्रसाद सापकोटाले ध्वनिमतका लागि निर्णयार्थ प्रस्तुत गर्दा हुन्न भन्ने आवाज नसुनिएपछि विधेयक सर्वसम्मत पारित भएको घोषणा गरेका थिए। त्यसपछि सांसदको दस्तखतसहितको मतदानका लागि मत विभाजन गरिएको थियो।

यसअघि कानून, न्याय तथा संसदीय मामिलामन्त्री डा शिवमाया तुम्बाहाङ्फेले 'नेपालको संविधान (दोस्रो संशोधन) विधेयक, २०७७ पारित गरियोस्' भनी प्रस्ताव प्रस्तुत गरेकी थिइन्। उक्त विधेयकमाथि सदनमा दफावार छलफल भएको थियो।

### राजतन्त्रले गुमायो, गणतन्त्रले फिर्ता ल्यायो

सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले राजतन्त्रले गुमाएको जमीन गणतन्त्रले फिर्ता ल्याउन लागेको बताएका छन्। प्रतिनिधिसभाको शनिबारको बैठकमा 'नेपालको संविधान (दोस्रो संशोधन) विधेयक, २०७७' माथिको दफावार छलफलमा भाग बाँकी पृष्ठ २ मा




## १८ पुग्यो मृतक संख्या

### शनिबार थप दुई जनाको मृत्यु

**मध्यान्ह संवददाता**
काठमाडौं, ३१ जेठ।

पछिल्लो २४ घण्टामा थप २७३ जनामा कोरोना भाइरसको संक्रमण पुष्टि भएको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार नयाँ संक्रमित भएकामा २४७ पुरुष र ३६ महिला छन्। हालसम्म कूल संक्रमितको सङ्ख्या पाँच हजार ३३५ पुगेको छ।

कोरोनाबाट मृत्यु हुनेको संख्या १८ पुगेको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रवक्ता डा जागेश्वर गौतमका अनुसार पर्साका २५ वर्षीय पुरुष र निजगढ बाराका पाँच वर्षीय बालकको मृत्यु भएको हो।

जेठ २८ गते पर्सामा एक पुरुषको शव भेटिएको थियो। नारायणी अस्पताल वीरगञ्जमा शव परीक्षणका क्रममा स्वाब संकलन गरिएको र सोही अस्पतालको प्रयोगशालामा गरिएको परीक्षणमा कोरोना सङ्क्रमण पुष्टि भएको डा. गौतमले जानकारी दिए।

डिस्चार्ज हुनेको संख्या भने ३६ पुगेको छ। हालसम्म ९१३ जना डिस्चार्ज भएका छन्। त्यसमा ८२२ पुरुष र ९१ महिला रहेका छन्। निजगढका बालकको वीरगञ्ज हेल्थ केयर अस्पतालमा उपचारका क्रममा शुक्रबार मृत्यु भएको थियो। निमोनिया भएका ती बालकको आरडिटी र बाँकी पृष्ठ २ मा

## प्रेस-विज्ञप्ति

वैदेशिक रोजगार ऐन २०६४ को दफा १३ (२) मा 'इजाजत पत्र वालाले देहाय बमोजिमको कुनै कार्य गरेमा विभागले नीजले पाएको इजाजत पत्र रद्द गर्न सक्नेछ' भनी गरेको कानुनी व्यवस्थाअन्तर्गत 'लगातर दुई बर्षसम्म वार्षिक १०० जना पनि कामदार पठाउन नसकेमा' भन्ने व्यवस्थासाहितको खण्ड (घ २) थप हुने गरी मिति २०७५/११/१९ मा ऐन संशोधन प्रमाणीकरण भएकोमा २०७६/०५/०१ मा वैदेशिक रोजगार नियमावली २०६४ को नियम ८ (१) अन्तर्गत इजाजत पत्र नवीकरणका लागि विभाग समक्ष पेस गर्नुपर्ने विवरण र कागजात अन्तर्गत खण्ड (क १) थप गरी पछिल्लो दुई आर्थिक वर्षमा प्रतेक वर्ष कम्तिमा एकसय जना कामदार वैदेशिक रोजगारीमा पठाएको प्रमाणित हुने कागजात पेस गर्नुपर्ने व्यव्स्था गर्दै एनले गरेको विशेषाधिकासहितको कानुनी व्यवस्थालाई बाध्यकारी बनाउनका साथै लगातार दुई वर्षसम्म वार्षिक एक सयजना पठाउन असमर्थ भएको अवस्थामा मात्रै उपरोक्त दफा १३ (२) को (घ २) आकर्षित हुनेमा लगातार दुई बर्षसम्म पठाएकै हुनुपर्ने र सो पनि ऐन संशोधन पश्चातदर्शी हुने भनी संशोधित ऐनमा कुनै व्यवस्था नभएकोमा उल्लेखित संशोधन पश्चातदर्शी (अर्थात् प्रमाणीकरण भएको मितिदेखि अघिको अवधिका हकमासमेत लागु हुने) गरी नियमावली संशोधन हुनुका साथै नवीकरणका निमित्त आ.व. २०७५/०७६ र २०७६/०७७ दुवै आ.व. मा कम्तिमा वार्षिक १०० जना पठाएको प्रमाणीत हुने कागज पेस गर्नुपर्ने गरी इजाजत पत्र नवीकरणको सूचना वैदेशिक रोजगार बिभागले जारी गरेको अवस्था रहेको छ।

सरकारले १७ महिना मलेसिया पठाउन रोक लगाएको र कोभिड-१९ को कारणले फागुन २८ गतेदेखि श्रम स्वीकृति दिन बन्द गरिएकोले कामदार पठाउन नपाइएको हुँदा वार्षिक १०० जना कामदार पठाउनै पर्ने व्यवस्था खारेज गरी पाउनका लागि यस संघले सम्माननीय प्रधानमन्त्रीज्यू, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीज्यु, नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का अध्यक्षज्यू, नेपाली काँग्रेसका सभापतिज्यू र अन्य राजनैतिक दलका अध्यक्ष तथा पदाधिकारीज्युहरु र पार्टीबाट वैदेशिक रोजगार हेर्ने ईन्चार्जज्युहरु लाई भेटी निवेदन दिई यो समस्या अवगत गराई सकिएको र यो अन्यायपूर्ण र अनुचित प्रावधान हटाउन पहल गरिएको छ। यो प्रावधान हटाउन संघ र संघसँग आवद्ध विभिन्न संघ, संस्थाहरुसमेत आ-आफ्नो तर्फबाट बिशेष पहल गरिरहनु भएको छ। संघ र संघसँग आवद्ध विभिन्न संघ संस्थाहरुले गरेको पहलको फलस्वरुप मिति २०७६/१२/१६ गते वसेको मन्त्रिपरिषद्को वैठकले यो प्रावधान हटाउन ऐन संशोधनको प्रक्रिया अघि बढाउने निर्णय गरेको र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले यस सम्बन्धमा एउटा कार्यदल समेत गठन गरी यो प्रावधान हटाउने प्रक्रिया अन्तिम चरणमा पुगेको अवस्थामा एक जना मा.सांसदले माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीज्यूलाई यस विषयमा आक्षेप लगाई दिनु भएको अभिव्यक्ति र यो प्रावधान हटाउन नचाहने केही व्यक्तिहरुको कारणले यस विषयमा निर्णय हुन ढिलाई भइरहेको छ। यो प्रावधान हटाउन संघले निरन्तर प्रयास गरिरहेको छ।

यसैबीच वैदेशिक रोजगार विभागले ईजाजत नवीकरण गर्न पछील्लो दुई आ.व. मा प्रत्येक वर्ष कम्तिमा १०० जना कामदार पठाएकै हुनुपर्ने भनि सूचना प्रकाशित गरेकाले यस विषयमा संघको गम्भीर ध्यानाकर्षण भई सदस्यहरुलाई जानकारी दिन यो प्रेस विज्ञप्ति प्राकाशित गरिएको छ।

**यस विषयमा निम्न तथ्यहरु सदस्यज्यूहरुलाई अवगत गराइन्छ।**

१. मन्त्रिपरिषदले यो अन्यायपूर्ण प्रावधान संशोधन गर्ने प्रकृया अघि बढाउने निर्णय गरेको।
२. सांसदले लगाएको आरोपको सशक्त प्रतिवाद गरी मन्त्रीज्यूले यस विषयमा संसदमा सकारात्मक अभिव्यक्ति दिनु भएको।
३. मन्त्रालयले गठन गरेको कार्यदलले प्रतिवेदन प्रस्तुत गरिसकेको।
४. अरु पेशा व्यवसायमा यस प्रकारका वाध्यकारी प्रावधान नभई वैदेशिक रोजगार व्यवसायमा मात्र यस्तो प्रावधान राखिएकाले यस्तो विभेदपूर्ण प्रावधान हटाउन सम्बन्धित पदाधिकारी र निकायहरु समेत सकारात्मक रहेको।
५ उपरोक्त समस्या समाधानका निमित्त संघ अनवरत रुपमा प्रयासरत रहेको व्यहोरा सबै सदस्यज्यूहरुलाई यसै विज्ञप्तिमार्फत् जानकारी गराइन्छ।

**बिष्णु प्रसाद गैरे**
**अध्यक्ष**

**नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**
बत्तीसपुतली, गौशाला, काठमाडौं, फोन नं. ०१- ४४९०९६९/४४९४४१८
E-mail: info@nafea.org.np/nafea@wlink.com.np/ nafea69@gmail.com
Website: www.nafea.org.np/ Facebook: www.facebook.com/nafeaorg

# विभागले थाल्यो नवीकरणको प्रक्रिया

## संघको गम्भीर ध्यानाकर्षण

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३१ जेठ

सरकारले लकडाउनलाई खुकुलो बनाउँदै सरकारी कार्यालय दुई सिफ्टमा सञ्चालन गर्ने निर्णय गरे अनुसार वैदेशिक रोजगार विभाग पनि सेवा सञ्चालनको तयारीमा लागेको छ। कोरोना संक्रमण रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिले गत फागुन २९ गतेदेखि वैदेशिक रोजगारीमा जाने श्रम स्वीकृति स्थगनको निर्देशन दिएपछि विभागले फागुन ३० गतेदेखि सो सेवा स्थगन गरेको थियो।

सरकारको निर्णयपछि कार्यालय सञ्चालनको तयारी गरेको विभागले वैदेशिक रोजगार व्यवसायी लगायत वैदेशिक रोजगारमा जाने कामदारको तालिम सञ्चालन गर्ने संस्थाहरुको ईजाजतपत्र नवीकरणाको सूचनासमेत सार्वजनिक गरेको छ। विभागले ईजाजतपत्र नवीरकरण गर्न चाहने वैदेशिक रोजगार व्यवसायी, सीपमुलक तालीम प्रदायक संस्था, घरेलु कामदारलाई तालिम दिने संस्था र केयर गिभर सम्वन्धी तालिम दिने र पठाउने संस्थाहरुलाई ९/९ र अभिमुखीकरण तालिम प्रदायक संस्थाहरुलाई १५ प्रकारका कागजातसहित निवेदन दिन आग्रह गरेको हो।

ईजाजतपत्र नवीरकण गर्न चाहने वैदेशिक रोजगार व्यवसायीहरुलाई निवेदनका साथमा अघिल्लो आर्थिक वर्ष २०७५/०७६ को आय विवरण बुझाएको भरपाई वा आयकर दाखिल गरेको प्रमाण, पछिल्लो दुई आर्थिक वर्ष (आ.व. २०७५/०७६ र आ.व.०७६/०७७) मा प्रत्येक वर्ष कम्तीमा एकसय जना कामदार वैदेशिक रोजगारीमा पठाएको प्रमाणित हुने वैदेशिक रोजगार नियमावलीको नियम ८ (क१) अनुसारको कागजात पेश गर्नुपर्ने उल्लेख गरेको छ। त्यस्तै नगद धरौटी र बैंक ग्यारेन्टीको प्रतिलिपिसमेत पेश गर्न विभागले सूचनामा उल्लेख गरेको छ।

ऐनको व्यवस्था अनुसार नियमितरुपमा असार मसान्तसम्म र मासिक दश हजारका दरले जरीवाना तिरेर असोज मसान्तसम्म म्यानपावर कम्पनी नवीकरण गर्न पाउने व्यवस्था रहेको छ।

सीपमुलक तालीम प्रदायक संस्थाले दुई वर्ष अवधि रहेको घर वहाल सम्झौता, कम्पनीमा एकाघर परिवारका सदस्य नरहेको स्वघोषणा र नगद ५ लाख धरौटी बुझाएको भरपाई लगायतका कागजात पेश गर्न भनिएको छ। घरेलु कामदारलाई तालिम दिने संस्था र केयर गिभर सम्वन्धी तालिम दिने र पठाउने संस्थाहरुलाई पेश गर्न भनिएका विवरणमा अघिल्ला आर्थिक वर्ष नवीकरण गर्दा पेश गरिएकै कागजात पेश गर्न भनिएको छ।

विभागले सेवा लिन आउँदा अनिवार्यरुपमा मास्क लगाउनुपर्ने, कागजात फाईलमा मिलाएर राख्नुपर्ने, संस्थाको परिचयपत्रवाहक व्यक्ति एकजना मात्र उपस्थित हुनुपर्ने, विभागको गेटमा साबुन पानीले हात धुनुपर्ने, सामाजिक दुरी कायम गर्नुपर्ने र निवेदकहरुलाई पालैपालो प्रवेश गराउने प्रवन्ध बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

### संक्रमण बढेपछि आउन हच्किए कामदार

काठमाडौं/मस- नेपालमा कोरोना भाइरस (कोभिड-१९) संक्रमितहरुको संख्या बढ्दै गएपछि शुरुमा घर फर्किन हतारिएका विदेशस्थित नेपाली कामदारले स्वदेश फर्किने मनस्थिति परिवर्तन गर्न थालेका छन्। मलेसियाका लागि नेपाली राजदूत उदयराज पाण्डेले नेपालमा कोरोना संक्रमण नदेखिएको र मलेसियामा संक्रमण बढेको बेला ७ हजार नेपाली घर फर्किने मनस्थितिमा रहेको, त्यसको एक महिनापछि त्यो संख्या ५ हजार ७ सयमा झरेको र हालको अवस्थामा घर फर्किन इच्छुको संख्या १ हजार ५ जना मात्र रहेको बताए।

घर फर्किने नेपालीहरुले हवाई टिकटका लागि अनपेक्षित महँगोमा टिकट खरिद गर्नुपर्ने भएपछि कतिपय नेपाली घर फर्किने भन्दा उतै रोजगारी गर्ने मनस्थितिमा पुगेका छन्।

मलेसियास्थित नेपाली दूतावासले चार्टर फ्लाईटका लागि नेपाल सरकारले तोकेको भाडामा असहमति जनाएको छ। नेपाल बाँकी पृष्ठ २ मा

# फरक आन्दोलन

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३१ जेठ



काठमाडौंको माइतीघर मण्डलामा शनिबार आन्दोलनको फरक दृष्य देखियो। सधैं आक्रामक देखिने प्रदर्शनकारी शनिबार संयमित देखिन्थे भने कडा शब्दमा माग राख्ने उनीहरुले नरम भाषमा सरकारसँग असन्तुष्टि व्यक्त गरेका थिए ।

समान्यतया आन्दोलन भन्ने वित्तिकै ढुङ्गामुढा, टायर बालेको, अश्रुग्याँस, लाठी, पानीका फोहोरा धेरैको मष्तिकमा आउने दुष्य । तर शनिबार माइतिघर मण्डलामा भएको प्रदर्शन विगतका दिनहरुमा भन्दा फरक देखिन्थ्यो । प्रदर्शनमा न कुनै राजनितिक पार्टीको झण्डा बोकेर नारा जुलस लगायतका उशृंखलता जस्ता क्रयाकलाप पनि देखिँदैन थियो । उनीहरु हातमा राष्ट्रिय झण्डा तथा फुल लिएर बसेका थिए ।

माइतिघर पुगेका प्रदर्शनकारीले जब राष्ट्रिय गान गाए माहौल एकाएक बदलियो । यति सम्मकी प्रदर्शनकारी समात्न पुगेको प्रहरीले उल्टै सलाम गरेको दृष्यले सबैको मन छोयो। समान्यतया प्रदर्शनकारी र प्रहरीले एक अर्कालाई आफ्नो बाधकका रुपमा हेर्छन्। घम्साघम्सी हुन्छ, झडप हुन्छ र प्रदर्शनस्थल क्षण भरमै रणभूमीमा परिणत हुन्छ । तर शनिबार काठमाडौंको माइतीघर मण्डलामा फरक दृष्य देखियो । प्रदर्शनकारीले गाएको राष्ट्रियगानले प्रदर्शनस्थल जब गुञ्जयमान बन्यो, प्रदर्शनकारी समात्न पुगेको प्रहरीले उल्टै सलाम गरेको दुष्य हेर्न लायक थियो र सबैको मन छुने पनि ।

आफैंबीच लडाइझगडा हुन्छ, असन्तुष्टि हुन्छ तर राष्ट्रियताको सवालमा कोही नेपाली कसैको शत्रु हुँदैन र सबै नेपाली एकै ठाउँ उभिन्छ भन्ने प्रष्ट सन्देश थियो, माइतीघर मण्डलाको शनिबारको दृष्य ।

त्यतिमात्र हैन उनीहरु सरकारले जारी गरेको नयाँ नेपालको नक्साका लागि सरकारलाई आभार पनि व्यक्त गर्दै थिए । उनीहरु आफ्ना माग लेखीएका प्लेकाकार्ड बोकेर संयमित ढङ्गबाट दुरी कायम गर्दै प्रदर्शनमा उत्रिएका थिए । त्यति मात्र हैन प्रदर्शनका क्रममा खाएका पानीका खाली बोटल तथा फोहर आफैले उठाएर सडक सफा गर्दै पनि देखिन्थे प्रदर्शनमा सहभागी युवावर्ग ।

सरकार समक्ष आफ्ना विभिन्न माग राखेर सडकमा उत्रिएका युवावर्ग आफुहरु कुनै पनि संगठनमा सहभागी नभएको बताउँछन् । उनीहरु समाजिक संजालबाट भेलाका लागि आह्वान पश्चात स्वस्फुर्त रुपमा सडकमा आएको बताउँछन् ।

देशभर कोरोना संक्रमण महामाहरीका रुपमा फैलँदो छ । यस्तो अवस्थामा भिडभाड नगर्न सरकारले आग्रह समेत गरेको छ । तर देशमा मौलाउँदो भ्रष्टाचारको जग कोरोना संक्रमण भन्दा खतरापूर्ण भएकाले सडकमा आउन बाध्य भएको प्रदर्शनकारी युवाहरु बताउँछन् ।

# क्वारेन्टाइन व्यवस्थापनमा भएको अनियमितताको छानविन गर्न माग

**सुमन महतारा/मध्यान्ह**
गुल्मी, ३१ जेठ



नेपाली कांग्रेस जिल्ला कार्यसमिति गुल्मीले क्वारेन्टाइन व्यवस्थापन र संचालनमा भएको आर्थिक अनियमितता रोक्न सम्बन्धित निकायमा माग गरेको छ। पार्टीको शनिबार तम्घासमा सम्पन्न बैठकले कोरोना (कोभिड-१९) रोकथामका क्रममा स्थानीय तहले खेलेको भुमिका सराहनीय भएपनि आर्थिक मामिलामा अधिकांश स्थानीय तहमा भएको अनियमितताका घटनाले आम जनतामा निराशा उत्पन्न गराएको निस्कर्ष निकालेको हो ।

नेपाली कांग्रेस मुसिकोट नगरसमितिले उठाएको मागका सम्बन्धमा छलफल गर्दै बैठकले मुसिकोट नगरपालिकामा जिम्मेवार जनप्रतिनिधिले दिएको अभिव्यक्तिप्रति गम्भीर ध्यान आकृष्ट भएको भन्दै जिम्मेवार प्रतिनिधिद्वारा प्रस्तुत अभिव्यक्ति फिर्ता लिन माग गरेको छ ।

उपचारको अभावमा मृत्यु भएका मदाने ६ का ४१ बर्षीय शिक्षकको अस्पतालको लापरबाहीका कारण मृत्यु भएको र ३ दिनसम्म शव नउठ्नु तथा परिवारको मागलाईसमेत वेवास्था गरि एकतर्फी शव व्यवस्थापन गर्नु मृतकप्रतिको घोर अपमानकोरूपमा बैठकले लिएको गुल्मी कांग्रेसका सभापति भुवनप्रसाद श्रेष्ठले जानकारी दिए ।

अव्यवस्थित क्वारेन्टाइन, खान, बस्न लगायतका नागरिक प्रतिको अत्यावश्यक व्यवस्थापनको जिम्मेवारीबाट सरकार पन्छिएको कारण छत्रकोट्को क्वारेन्टाइनमा रहेका चन्द्रबहादुर परियारलाई आत्महत्या गर्न वाध्य पारिएको घटनाप्रति बैठकले दुस्ख व्यक्त गरेको छ ।

कोरोनाले उत्पन्न समस्याले सीमानाका र विभिन्न स्थानमा अलपत्र परेका ब्यक्ति र परिवारलाई महत्त्वपूर्ण राहत सहयोग र उद्दार गरेकोमा नेपाली कांग्रेस गुल्मी-काठमाडौ सम्पर्क अन्तर्गतको विपद् व्यवस्थापन समिति र जनसम्पर्क समिति उत्तर भारत क्षेत्र दिल्लीले गरेको कामको उच्च मूल्या'कन गर्दै हार्दिक आभार र धन्यवाद ज्ञापन व्यक्त गरेको छ ।

सरकारले कोरोनाको नाममा गरेको आर्थिक अनियमितता, क्वारेन्टाइनमा जनतालाई दिइएको दुस्खलगायतका बिषयलाई लिएर नेपाली कांग्रेस गुल्मीले यहि असार २ गते जिल्ला प्रशासन कार्यालयमा ज्ञापनपत्र बुझाउने निर्णय भएको सचिव खिलध्वज पन्थीले जानकारी दिए ।

बैठकले कतिपय स्थानीय तहले आरडिटी परीक्षण नगरि क्वारेन्टाइनमा रहेका व्याक्तिहरुलाई घरमा पठाउँदा समुदायमा डर र त्रास उत्पन्न भएको भन्दै अनिवार्य जाँच गरेर पठाउन अनुरोध गरेको छ ।

पिसिआर मेसिन खरिदका लागि सबै सरोकारवालासंग छलफल चलिरहेको अवस्थामा जिल्ला विपद् व्यवस्थापन समितिमा रहेको सर्वदलीय भावना र सहमति विपरीत एकलौटी रूपमा अध्ययन कार्यदलको नाममा गठन गरिएको समिति प्रति पार्टीको गम्भीर ध्यानाकर्षण भएको जनाइएको छ।

बैठकले रेसुगा नगरपालिकामा क्वारेन्टाइन व्यवस्थापनमा प्रमुख प्रशासकीय अधिकृत र स्वास्थ्य संयोजकले सामग्री खरिदमा न्युनतम मापदण्ड पुरा नगरी आर्थिक अनियमितता गरेको एवं खरिद प्रक्रियाका बारेमा जानकारि नै नदिइ सम्बन्धित वडाका जनप्रतिनिधिलाई बिल पास गर्नका लागि दवाब दिनु दुस्खद र निन्दनीय भएको उल्लेख गर्दै सबै स्थानीय तहमा भएको आर्थिक अनियमितताको छानबिन गरिनुपर्ने माग गर्ने निर्णय गरेको छ ।

नेपाली कांग्रेस मालिका लगायतका नेपाली कांग्रेसको स्थानीय समितिले गाउँपालिकाले सम्पादन गरेका योजना तथा क्वारेन्टाइनको अनुगमनको क्रममा सुधारका लागि दिएको सुझाव कार्यन्वयनको लागि बैठकले माग गरेको छ ।

इस्मा गाउँपालिका ६ अम्मरपुरको गोबिन्द रत्न कुँवर निमाबिको क्वारेन्टाइनमा बसेका ब्याक्तिहरुमाथि २८ जेठको राति ११.४५ बजे ३ जना उच्छृङ्खल ब्यक्तिले गरेको अभद्र व्यबहार प्रति पनि बैठकले दु:ख व्यक्त गर्दै घटनाको छानबिन गरि दोषीलाई कार्वाहीको माग गरेको छ ।

बैठकले नेपाली कांग्रेस जिल्ला सदस्य तथा कालीगण्डकी गाउँपालिका अध्यक्ष बेद बहादुर थापाका पिता रन बहादुर थापा, नेपाल शिक्षक महासघ प्रदेश न. ५ का वरिष्ठ उपाध्यक्ष बोम बहादुर कुँवर, नेपाली कांग्रेस गुल्मीका पूर्व जिल्ला सभापति चन्द्रबहादुर केसीका ससुरा लालबहादुर खत्री र नेपाली कांग्रेसका केन्द्रिय सदस्य चन्द्र भण्डारीका पिता इश्वरी प्रसाद भण्डारीको निधनमा दु:ख व्यक्त गर्दै शोक प्रस्ताव पारित गरेको छ ।

## लिम्पियाधुरासम्म...

लिँदै अध्यक्ष प्रचण्डले भने, "देशको भौगोलिक अखण्डतासँग सम्बन्धित विषयमा हिजो निरङ्कुश पञ्चायती तानाशाहीको प्रारम्भिक दिनमा राजतन्त्रले गुमाएको भूमि गणतन्त्रले फिर्ता लिने ठाउँमा हामी आइपुगेका छौं, भूमि राजतन्त्रले गुमायो, गर्वका साथ गणतन्त्रले लिँदैछ, ऐतिहासिक गौरव यो सदनलाई प्राप्त हुँदैछ ।"

अध्यक्ष प्रचण्डले हरेक राष्ट्रिय विषयमाम आम नेपाली, राजनीतिक दल तथा नागरिक समाज एक रहेको विगतको उदाहरण प्रस्तुत गर्दै राष्ट्रियतामा नेपालीहरु कोही पनि विचलित नहुने स्पष्ट गरे । उनले संविधान संशोधनको यस चरणमा आइपुग्दा सबै दल, जनता, नागरिक समाज र आम समुदायसँग ऐक्यबद्धता पनि प्रकट गरे ।

नेपालको राजनीतिकलगायत ऐतिहासिक परिवर्तनका सन्दर्भमा सामन्ती र निरङ्कुशतन्त्र तथा त्यसबाट बनाइएको राजनीतिक, सामाजिक, सांस्कृतिक विसङ्गतिविरुद्ध लडेर लोकतन्त्र संस्थागत गर्ने र राष्ट्रिय स्वाधीनतालाई सुदृढ गरी सबै खाले वैदेशिक दवावबाट मुक्त पार्ने दायित्व मुलुकसामु रहेको सन्दर्भ जोड्दै अध्यक्ष दाहालले अहिले गर्न लागिएको निर्णय भौगोलिक अखण्डतालाई सुदृढ गर्ने महान् अभियानको महत्वपूर्ण कडी भएको बताए ।

उनले राष्ट्रिय स्वाधीनता र भौगोलिक अखण्डताको रक्षाको विषय कुनै पार्टी वा नेता विशेषको मात्रै नभई सदनमा भएका सबै दल र जनताको विषय भएको बताउँदै भने, "यो विषय कसैले जस या अपजस लिने भन्दा पनि ऐतिहासिक अभियानलाई सफल पार्ने विषय हो, लामो समयदेखि नेपाली जनताले शुरु गर्दै आएको सङ्घर्षको केन्द्रीकरणका रुपमा अहिले यहाँ आइपुग्यौं, हामी देशको गुमेको भूभाग फिर्ता लिने नयाँ चरणमा आइपुगेका छौं ।"

संवेदनशील विषयमा सर्वदलीय बैठकमार्फत सहमति बनाउँदै हाम्रो नक्शा सच्याउने र संविधान संशोधन गर्न पहलकदमी गरेकामा प्रधानमन्त्री केपी शर्मा ओली र नेपाल सरकारलाई धन्यवाद दिँदै अध्यक्ष दाहालले साथ दिने सबै दल, नागरिक समाज र आम नेपाली जनताप्रति आभार प्रकटका साथ बधाई ज्ञापन गरे ।

पञ्चायतपछि बनेका सरकारले भारतसँग वार्ता गर्दा प्रायः सबैले यसअघिको सम्झौता र असमान सन्धिका बारेमा कुरा उठाएको र विसं २०६२/६३ पछि बनेका प्रधानमन्त्रीले नेपालको भूगोल र सिमानाका सम्बन्धमा गम्भीर ढङ्गले प्रश्न उठाई भारत सरकारसँग प्रष्ट रुपमा छलफल भएको जानकारी दिए । आफू प्रधानमन्त्री हुँदा भारत भ्रमणमा दुई देशबीचका सन्धि र सीमासम्बन्धी विवादको कुरा उठाइएको जानकारी दिँदै दुवै देशको सचिवस्तरीय बैठकले सीमा समाधान गर्ने भनेर प्रक्रिया थालनी भएका पृष्ठभूमिमा भारतले नक्शा प्रकाशन गरेपछि विवाद उत्पन्न भएको उल्लेख गरे ।

**राष्ट्रिय एकता झल्कियो**

नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवाले संविधान संशोधनका विषयमा राष्ट्रियता झल्किएको बताएका छन् । प्रतिनिधिसभाको बैठकमा 'नेपालको संविधान (दोस्रो संशोधन) विधेयक, २०७७' माथिको छलफलमा पार्टी संसदीय दलका नेता देउवाले संविधान संशोधनमा सबै दलको समर्थन देखिनाले नेपालीबीचको राष्ट्रिय एकता झल्किएको बताए ।

"जुनसुकै पार्टी होऊन् राष्ट्रियताका पक्षमा एकताबद्ध छन्, राष्ट्रको सार्वभौमिकताका लागि, राष्ट्रको अखण्डताको लागि नेपाली एक छन् भन्ने कुरा प्रष्ट भएको छ", पूर्वप्रधानमन्त्री देउवाले भने । विधेयकमा आफ्नो पार्टीको समर्थन रहेको समेत जानकारी दिँदै देउवाले आफ्नो पार्टीको केन्द्रीय समितिले संशोधनका पक्षमा समर्थन गर्ने निर्णय गरेको बताए । आगामी दिनमा जमीन फिर्ता ल्याउने विषयमा पनि आफ्नो पार्टीको समर्थन हुने सभापति देउवाको भनाइ थियो ।

सभापति देउवाले सुगौली सन्धि १८१६ अनुसार कालीनदी पूर्वको जमीन नेपालको हो भन्ने कुरा स्पष्ट रहेको तथा अंग्रेज र चीनले छापेको नक्शामा पनि काली नदीपूर्वको जमीन नेपालको भएको स्पष्ट रहेको बताए ।

**वार्ताबाट समाधान**

जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले 'नेपालको संविधान (दोस्रो संशोधन) विधेयक, २०७७' मा समर्थन गर्दै नेपाल र भारतबीचको सीमा समस्या कुशल वार्ताबाट समाधान गर्नुपर्ने बताएका छन् ।

नयाँ नक्शालाई अनुसूचीमा समावेश गर्न प्रस्तुत 'नेपालको संविधान (दोस्रो संशोधन) विधेयक, २०७७' माथि दफावार छलफलका क्रममा भाग लिँदै अध्यक्ष यादवले सीमाकंन कार्य महाकाली र सुस्ताबाहेक टुङ्गिसकेका अवस्थामा यी दुई विषय अझै पेचिलो रहेकाले दुई देश बीचमा हल गर्ने सवालमा पहल नभएकामा चिन्ता प्रकट गरे ।

सन् १८१६ को सुगौली सन्धिको धारा ५ मा नेपालले काली पश्चिमको भागमा आफ्नो दावी छाड्ने सम्झौता गरेको उल्लेख गर्दै पछि महाकाली सम्झौताका बेला प्रस्तावनामा नै अस्पष्ट रुपमा महाकालीको अधिकांश भाग सीमा हुने उल्लेख गरिएकाले गल्ती भएको जिकिर गरे। नेता यादवले महाकालीको मुहानको विषय अझै स्पष्ट नभएको जिकिर गर्दै भने, "पहिले लिम्पियाधुरासम्मको नक्शा कुन बेला कसको पालामा गायब भयो, त्यसको विषयमा गम्भीर हुनुपर्छ ।"

सन् १९५४ देखि पाँच पटकसम्म चीन र भारतबीच सहमति र सम्झौता भएको र भारतले नेपाली भूभाग अतिक्रमण गरेर विभिन्न संरचना बनाइसकेका सन्दर्भमा सन् १९६५ मा अर्को सम्झौता भएको भनेर सुनिएकाले त्यसबारे स्पष्ट पार्नसमेत माग गरे।

## १८ पुग्यो...

पिसिआर दुवै परीक्षण गर्दा दुवैमा पोजेटिभ देखिएको थियो ।

पछिल्लो २४ घण्टामा पाँच हजार ६६१ जनाको पिसिआर परीक्षण गरिएको छ । हालसम्म पिसिआर परीक्षण गर्नेको संख्या कूल एक लाख २७ हजार २८८ पुगेको छ । यस्तै आरडिटी परीक्षणको सङ्ख्या एक लाख ९० हजार ५८२ पुगेको छ । पछिल्लो २४ घण्टामा आरडिटी परीक्षण मात्रै दुई हजार ५२० को गरिएको छ । यस्तै मोबाइल एप र मन्त्रालयको बेवसाइटमा भरिएको विवरणका आधारमा रेड जोनमा पर्नेको सङ्ख्या आज थप दुई गरी ४९७ पुगेको छ।

एकको मृत्यु

प्यूठानको माण्डवी गाउँपालिका- ४ उदयपुरकोटका क्वारेन्टिनमा बसेका १८ वर्षीय एक व्यक्तिको शनिबार बिहान मृत्यु भएको छ । उनलाई दुई दिनदेखि टाउको दुख्ने, बान्ता गर्ने र श्वासप्रश्वासमा समस्या आएपछि उपचारका लागि बुटवल लैजाँदै गर्दा बाटोमा नै मृत्यु भएको गाउँपालिकाका अध्यक्ष श्रीधर रोकाले जानकारी दिए ।

रोजगारीका लागि भारत गएका युवक केही दिनअघि भारतबाट फर्किएर दाङको बङ्गलाचुली गाउँपालिकाको क्वारेन्टिनमा बस्दै आएका थिए । क्वारेन्टिनमा मृतकसँगै रहेका १३१ जनाको पिसिआरका लागि स्वाव संकलन गरी पठाइएको थियो । यसमध्ये शनिबार ५२ जनाको रिपोर्ट आए पनि मृतक युवकको भने रिपोर्ट नआएको गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख भक्त जिसीले जानकारी दिए ।

## विभागले...

गरेको छ। यसैवीच नेपाल वैदेशिक रोजगार व्यवसायी संघले विभागको सूचनाप्रति संघको गम्भीर ध्यानाकर्षण भएको भन्दै वार्षिक एकसय जना कामदार पठाउन नसकेका सदस्य संस्थाहरुलाई तत्काल नआत्तिई केहि दिन धैर्यधारण गरी यस सम्वन्धमा संघको अर्को सुचना पर्खन आग्रह गरेको छ । संघका अध्यक्ष विष्णुप्रसाद गैरेले विज्ञप्ति जारी गर्दै गत चैत १६ गते बसेको मन्त्रीपरिषद् बैठकले संख्या सयको प्रावधान हटाउन ऐन संशोधनको प्रक्रिया अघि बढाउने निर्णय गरेको र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले यस सम्वन्धमा एउटा कार्यदल गठन गरी प्रतिवेदनसमेत बुझाइसकेको भन्दै केही समयमा मन्त्रिपरिषद्को निर्णय अनुसार निर्णय हुने उल्लेख गरेका छन् ।

संघले ईजाजतपत्र संस्थालाई वैदेशिक रोजगारमा वार्षिक सय जना कामदार पठाउनुपर्ने अनिवार्य गर्ने विषय व्यवसायिक स्वतन्त्रताको विरुद्धमा रहेको भन्दै नेपाल सरकारले नै १७ महिना मलेसिया कामदार पठाउन रोक लगाएको र कोभिड-१९ संक्रमणका कारणले फागुन २८ गतेदेखि श्रम स्विकृति दिन बन्द गरेको विषयमा वार्षिक एकसय जना कामदार अनिवार्य रुपमा पठाएको हुनुपर्ने व्यवस्था अव्यवहारिक भएको उल्लेख गरेको छ ।

ऐन र नियमावलीको प्रावधान खारेज गराउन प्रधानमन्त्री, श्रम मन्त्रालय, मन्त्री, नेपाल कम्युनिष्ट पार्टीका अध्यक्ष, नेपाली कांग्रेसका सभापती र अन्य राजनैतिक दलका अध्यक्षसहित पदाधिकारी तथा पार्टीबाट वैदेशिक रोजगार हेर्ने ईन्चार्जहरुलाई ज्ञापनपत्र दिई गम्भीर रुपमा पहल गरिएको तर प्रक्रिया अन्तिम चरणमा पुगेको अवस्थामा एक जना सांसद्ले विभागीय मन्त्रीलाई आक्षेप लगाई अभिव्यक्ति दिएका कारण यस विषयमा निर्णय हुन ढिलाई भएको संघको भनाइ छ ।

## संक्रमण ....

सरकारले मलेसियाबाट नेपाल आउन शुरुमा ५ सय २० अमेरीकी डलर र पछि ४ सय ६० भाडा तोकेको छ। तर राजदूत पाण्डेले ३ सय ५० डलरभन्दा बढी हुन नहुने बताएका छन् ।

मलेसियाको मालिन्दो एयरले नेपालीलाई चार्टर उडान गर्न ५ सय डलरको प्रस्ताव लिएर गएको उल्लेख गर्दै राजदूत पाण्डेले अहिले चार्टर फ्लाईटमा महँगो तिर्नुभन्दा १५ दिनपछि व्यवसायिक उडान शुरु हुने भन्दै कुर्न उपयुक्त हुने बताएका छन् । उनले भने, '३ महिना छट्पटिँदै बस्यौं, अब १५ दिन बसौं स्थिति सामान्य हुन्छ ।'

यसअघि ओमानले पनि सरकारले तोकेको चार्टर फ्लाईटको भाडा घटाएको थियो । राजदूत पाण्डेले मलेसियाका रोजगारदाता कामदार खोज्दै दूतावास आउन थालेको भन्दै टप ग्लोब्स कम्पनीले ४ सय कामदार खोजेको जानकारी दिए। उनले भने, 'ईन्टर्नमा आएका विद्यार्थीहरु छन् भने दिनुहोस् भनेको थियो, तर २० जना थिए, घर जान झोला बाँधेर बसेका छन् भनेर पठायौं ।' रोजगारदाताले पुन : भर्ना 'रिहाईरिङ' प्रकृया शुरु गर्न आग्रह गरेको भन्दै राजदुत पाण्डेले रिहाईरिङ शुरु भए धेरै नेपालीले मलेसियामा नै काम पाउने र घर फर्किनु आवश्यक नरहेको बताए ।

**Phalgunanda Rural Municipality**
**Office of Rural Municipal Executive**
**Phaktep,Panchthar**
**1 No. Province, Nepal**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

मिति:२०७७/०२/३२

यस कार्यालयको मिति २०७७/०२/३० गते खोलिएको बोलपत्र मुल्याङकन समितिबाट निम्न बोलपत्रदाताको बोलपत्र न्युनतम मुल्याङकित सारभुत रुपमा प्रभावग्राही भई स्वीकृतीको लागि सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२), दफा ४७ को प्रयोजनको लागि यो बोलपत्र स्वीकृत गर्न आशयको सुचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | स्वीकृत वोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक भ्याट सहित | कैफियत |
|---|---|---|---|---|---|
| 1 | PRM/NCB/WORKS-12/2076/077 | Construction/Upgrading of Sisneri Yuwaclub Playground. Phalgunanda-06 | Ishori Nirman Sewa Phidim-2, Pachthar | 1683155.21NPR | |

प्रमुख प्रशासकीय अधिकृत

**प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवदेन तयारी सम्बन्धी**

**सार्वजनिक सूचना**

प्रथम पटक प्रकाशित मिति : २०७७/०२/३२

सामाजिक विकास मन्त्रालय बागमती प्रदेश, अन्तर्गत सार्वजनिक निर्माण कार्यान्वयन इकाई, भैंसेपाटी, काभ्रेपलाञ्चोकद्वारा तपशीलका जिल्लामा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको व्यहोरा अनुरोध छ।

**तपशील**

| क्र.सं. | अयोजनाको नाम | प्रस्तावको व्यहोरा | प्रभाव पर्ने जिल्ला/गापा/नपा |
|---|---|---|---|
| १ | दुधौली रंगशाला | १७६२३.५८ वर्ग मिटर क्षेत्रफलमा १००० जना अट्ने क्षमताको रङ्गशाला निर्माण | सिन्धुली जिल्ला, दुधौली नगरपालिका वडा नं. ९ |
| २ | जिरी रंगशाला | ९४७८.८१ वर्ग मिटर क्षेत्रफलमा १०० जना अट्ने क्षमताको रङ्गशाला निर्माण | दोलखा जिल्ला, जिरी नगरपालिका वडा नं. ५ |
| ३ | जिरी प्राविधिक शिक्षालय भवन निर्माण | ४४२.७१ वर्ग मिटर क्षेत्रफलमा प्राविधिक शिक्षालय भवन निर्माण | दोलखा जिल्ला, जिरी नगरपालिका वडा नं. ५ |

माथि उल्लेखित प्रस्तावहरुको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गर्ने क्रममा सो क्षेत्रहरुको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीबीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र निम्न ठेगानामा आइपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन सम्बन्धित सबैमा अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना:**

**प्रस्तावकको नाम र ठेगाना**

**सामाजिक विकास मन्त्रालय,**
वागमती प्रदेश,
**सार्वजनिक निर्माण कार्यान्वयन इकाई**
भैंसेपाटी, काभ्रे
फोन नं: ०११ -६६१४९२
इमेल: picukavre@gmail.com

# खेलाडी र प्रशिक्षकको दिनचर्या करेसाबारीदेखि भिडियो कन्फरेन्ससम्म


शेरबहादुर सिंह/रासस
काठमाडौं, ३१ जेठ

कोरोना भाइरसको सङ्क्रमण फैलिन नदिन सरकारले लकडाउन गरेसँगै मुलुकभरको खेल गतिविधी शून्य छ ।

सधैं खेल मैदान, प्रशिक्षण केन्द्र तथा फिटनेस क्लबहरुमा आ-आफ्नो खेलमा मेहेनतमा जुटिरहने प्रशिक्षक तथा खेलाडी खेल र खेलाडीका विषयमा विभिन्न सामाजिक सञ्जालमा नियमित छलफल र बैठकदेखि घरायसी काममा व्यस्त रहेको पाइएको छ ।

१३औं दक्षिण एशियाली खेलकूद प्रतियोगिता (साग) मा ऐतिहासिक पदक ल्याएर चर्चामा रहेको मुलुकको खेलजगत् कोरोनाको सङ्क्रमणपछि एकाएक थला परेको बक्सिङ ओलम्पियन तथा प्रशिक्षक डम्बरदत्त भट्टको भनाइ छ । 'लकडाउनको मोडालिटी परिवर्तन गरेसँगै शारीरिक दूरी कायम गरेर खेलकूद गतिविधी सञ्चालन गर्ने विषयमा पनि अब सोच्नुपर्ने बेला आएको छ', उनले भने, 'स्वस्थ्य रहन पनि व्यायाम र प्रशिक्षण मानिसका लागि आवश्यक छ ।'

उनले कोरोनासित लड्न शरीरमा प्रतिरोधात्मक शक्ति बढाउन पनि स्वस्थ्य रहनुपर्ने बताए । 'देशभरका प्रशिक्षक, रेफ्री तथा खेलाडीको अवस्था बुझ्न नेपाल बक्सिङ सङ्घको केन्द्रीय अध्यक्ष राम अवाले भिडियो कन्फरेन्सदेखि सामाजिक सञ्जालमा निकै सक्रिय रहनुभएको छ', भट्टले भने, 'कन्फरेन्समा खेलाडीको अवस्थादेखि खेल गतिविधि, भावी दिनमा कसरी बढाउने भन्ने विषयमा गहन छलफल भइरहेको हुन्छ ।'



कञ्चनपुरको भीमदत्तनगरमा रहेको बक्सिङ प्रशिक्षण केन्द्रमा बक्सिङ प्रशिक्षणमा रहेका खेलाडी गाउँघरमा साँझ बिहान सामान्य व्यायाम गरेर बसिरहेको उनको भनाइ छ । त्यसैगरी भीमदत्तनगर स्थित कभर्डहल परिसर पनि लकडाउनदेखि सुनसान छ । सुदूरपश्चिमको खेलकूदको हबका रूपमा परिचित कञ्चनपुरमा विभिन्न खेलका सयौं राष्ट्रिय तथा अन्तर ाष्ट्रियस्तरका खेलाडी लकडाउनका कारण होम क्वारेन्टाइनमा रहेको जिल्ला खेलकूद विकास समितिका कार्यालय प्रमुख गोपालदत्त भट्टले बताए ।

'धेरैले त फोन गरेर सामाजिक दूरी कायम गर्छौं कभर्डहल खोल्न पनि आग्रह गरे', कार्यालय प्रमुख भट्टले भने, 'तर लकडाउन कडाइका साथ लागू भइरहँदा खेल स्थल खुलाउने कुरै भएन ।' पछिल्लो केही समययता कभर्डहल परिसरमा फाट्टफुट्ट सामान्य खेल गतिविधि र व्यायाम गर्नेहरु देखिन थालेका छन् । त्यसैगरी कबड्डीका मुख्य प्रशिक्षक तारासिंह भाट पनि यतिबेला गृहजिल्ला कञ्चनपुरमा होम क्वारेन्टाइनमा छन् । 'यहाँ पनि कबड्डी प्रशिक्षण केन्द्र निर्माण हुँदैछ', उनले भने, 'लकडाउनले काठमाडौं जान पाएको छैन ।'

उनले कबड्डी खेलमा बढी खेलाडी विभिन्न विभागीय टिममा रहेको बताए । 'खेलाडीलाई फिटेनसका लागि हरेक हप्ता टेलिफोनबाटै टिप्सहरु दिइरहेका छौँ', मुख्य प्रशिक्षक भाटले भने, 'समूहगत खेललाई पनि कसरी सञ्चालन गर्ने भन्ने विषयमा केन्द्रमा पहल हुँदैछ भन्ने आएको छ ।' सामूहिक प्रशिक्षण गर्ने माहोल अझै नमिलेको उनको भनाइ छ ।

'राष्ट्रिय टिमका खेलाडीलाई सुरक्षित प्रशिक्षण प्रबन्ध मिलाउने विषयमा छलफल हुँदैछ', उनले भने, 'अहिलेको अवस्था भनेको खेलाडीका लागि निकै दुखद् हुन पुग्यो ।' त्यसैगरी भलिबलका राष्ट्रिय प्रशिक्षक जगदीशप्रसाद भट्टले कोरोना प्रभावित सुरक्षित राखेर सामूहिक दूरी कायम गरेर प्रशिक्षण गराउनुपर्ने बताए । 'खेल नहुँदा खेलाडी डिप्रेसनको शिकार हुनसक्छन्', उनले भने, 'सतर्कता अपनाउँदै आयोजना/प्रतियोगिताभन्दा प्रशिक्षणमा जोड दिऔं ।'

घरायसी काममा व्यस्त रहेका प्रशिक्षक भट्ट १३औं सागमा राष्ट्रिय महिला टिमका प्रशिक्षकका रूपमा खटिएका थियो । प्रशिक्षकसँगै यहाँ रहेका खेलाडी पनि यतिबेला सामान्य व्यायाम गरेर होम क्वारेन्टाइनमा बसिरहेका छन् । कुस्तीका राष्ट्रिय खेलाडी सुरेश चुनारा लकडाउनका कारण प्रशिक्षण रोकिएपछि डडेल्धुराको जोगबुढा घर लागेका छन् ।

भीमदत्तनगरमा डेरा गरी कुस्ती खेलमा सक्रिय चुनाराले लकडाउनका कारण खेलाडी मानसिक शिकार भएको बताउँछन् । 'अहिले घरतिर खेतीबारीमा काम गर्ने र गाउँमै फिटेनसमा ध्यान दिने काम हुँदैछ', उनले भने, 'लकडाउनसँगै बाँच्न सिकेर खेल गतिविधि पनि अगाडि बढाउन नसकिए खेलस्तर खस्किने सम्भावना छ ।'

त्यसैगरी नेपाली क्रिकेट टिमका सदस्य विनोद भण्डारीदेखि क्रिकेटका आधा दर्जन राष्ट्रियस्तरमा परिचित सिनियर तथा जुनियर टिमका खेलाडी यतिबेला भीमदत्तनगरमै छन् ।

उनीहरु पछिल्लो केही दिनयता हरेक दिनजसो साँझ कभर्डहल परिसरमा रहेको क्रिकेट मैदानमा भौतिक दूरी कायम गरेर आपसी प्रशिक्षणमा जुटेको देखिन्छन् । क्रिकेटका राष्ट्रिय खेलाडी भीम सार्की पनि मिलेसम्म प्रायः हरेक दिन बिहान मर्निङवाक जाने गरेको बताउँछन् ।

'बिहान वाक जाने र बेलुकी कहिलेकाहीँ कभर्डहल गएर सामान्य प्रशिक्षण गर्छौं', सार्कीले भने, 'बेलकी विनोद भण्डारी, सन्दीप जोरा, भीमविक्रम सोप र दिलीप नाथ गरेर सात/आठ जना ससहभागी हुँदैछौं ।' उनले बन्दाबन्दीले खेलाडीको दैनिकी नै बिग्रिएको बताए । 'कहिले खुल्ला र कहिले प्रशिक्षणमा जुटिएला भन्ने भइसक्यो', उनले भने, 'क्रिकेट सङ्घले पनि प्रशिक्षणका लागि पहल गरिरहेको भन्ने सुनिन्छ पनि ।'

# अफगान शान्ति वार्ताको तयारी शुरु

**काबुल, एएनआई**– अफगानिस्तानमा हिंसा जारी राखेको तालिबान विद्रोही समूह र अमेरिकाबीच वार्ताको तयारी सुरु भएको बताइएको छ ।

चार महिना अघि भएको सम्झौतापछि १८ वर्षभन्दा लामो समयदेखि अफगानिस्तानमा जारी रहेको द्वन्द्वको अन्त्य हुने अपेक्षा पनि गरिएको उक्त समाचारमा जनाइएको छ । सो तयारीसँगै युद्धको अन्त्य गरेर अफगानिस्तान शान्तितर्फ उन्मुख हुने आशा गरिएका समाचारहरू आइरहेका छन् ।

अमेरिकाको व्यापक विरोध गर्दै आएको तालिबान संगठनले चार महिनाअघि कतारको राजधानी दोहामा अफगानिस्तानमा शान्तिका लागि अमेरिकासँग वार्ता गर्नेसम्बन्धी सम्झौता गरेको थियो ।

सो सम्झौता बमोजिम वार्ता गर्न अफगानिस्तानले पनि स्वीकार गरेको छ । अब तालिबानहरूले अफगान सरकार र अमेरिकासँग पनि संयुक्त रुपमा वार्ता गर्ने भएका हुन् । सोही बमोजिम आगामी केही समयमा दोहामा शान्ति वार्ताको तयारी भएको हो ।

अफगान राष्ट्रपति असरफ घानी पनि कतारको राजधानी दोहामा हुने भनिएको तालिबानसँगको शान्ति वार्ताका लागि तयार भएका छन् ।

उक्त वार्ताको सर्तका रुपमा अफगानिस्तानको सरकारले ठूलो संख्याका तालिबान लडाकूहरूलाई जेलमुक्त गर्ने भएको पनि जनाइएको छ । तालिबानहरूले अफगान र अमेरिकी सरकारसँग वार्ता गर्नका लागि आफ्ना बन्दीहरूलाई मुक्त गर्नुपर्ने सर्त राखेका थिए ।


## मानवीय परोपकारी संस्था नेपाल

### खरिद सम्बन्धी कोटेसन आव्हान

मानवीय परोपकारी संस्था नेपाललाई विभिन्न परियोजनाहरु अन्तर्गत तल उल्लेखित सामाग्रीहरु आवश्यकता परेकोले VAT\PAN मा दर्तावाला सप्लायर्सहरुलाई १५ दिनभित्र न्यूनतम दरभाउ सहित कोटेसन उपलब्ध गराउन आव्हान गरिन्छ ।

| क्र.सं. | विवरण | जिल्ला |
|---|---|---|
| १ | पोषण सहयोग (कुर्बान) | काठमाडौं, बारा, रुपन्देही र बाँके |
| २ | प्लास्टिक व्याग, टि-सर्ट प्रिन्ट, स्टिकर र छपाई सम्बन्धी कार्यहरु | काठमाडौं |
| ३ | शैक्षिक सहायता सामाग्रीहरु | काठमाडौं र रुपन्देही |
| ४ | सिलाइ, मसिन र विभिन्न सिपमूलक तालिम केन्द्रहरु | काठमाडौं र बाँके |

**थप जानकारीका लागिः**
**मानवीय परोपकारी संस्था नेपाल** (Human Charity Foundation Nepal)
नेपालटार, तारकेश्वर-९, काठमाडौं
Email: humancharitynepal@gmail.com
फोन नं. ९८१९४२७८११
www.humancharitynepal.org



प्रदेश **सरकार**
भौतिक पूर्वाधार विकास मन्त्रालय
## खानेपानी तथा सरसफाई डिभिजन कार्यालय,
**जलेश्वर,महोत्तरी**

### दरभाउपत्र आह्वान सम्बन्धि सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७७/०२/३२**

यस कार्यालयको चालु आ.ब. २०७६/०७७ को स्वीकृत बार्षिक बिकास कार्यक्रम अनुसार बिभिन्न साईज तथा सेरिजको नेपाल गुणस्तर प्राप्त र स्पेसिफिकेशनमा उल्लेख भए अनुसारका पि.ई-१०० पि.एन-१० पाईप शिलबन्दी दरभाउपत्रद्धारा खरिद गर्नु पर्ने भएकोले नेपाल सरकार बाट ईजाजतपत्र प्राप्त इच्छुक व्यक्ति/फर्म/संस्था वा कम्पनीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वकको सिलबन्दी दरभाउपत्र आह्वान गरिन्छ ।

१. दरभाउपत्र सम्बन्धी कागजात यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन भित्र रु १०००/– (फिर्ता नहुने) तिरी खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय,जलेश्वर,महोत्तरी बाट खरिद गर्न सकिन्छ ।
२. दरभाउपत्र खरिद गर्न लिखित निवेदनको साथ दरभाउपत्र दाताको इजाजतपत्र, मु.अ.कर दर्ता प्रमाण-पत्र, स्थायी लेखा नं., आ.व. २०७५।०७६ सम्मको कर चुक्ता प्रमाण-पत्र, गुणस्तर चिन्ह प्राप्त गरेको प्रमाण-पत्र तथा उद्योग दर्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्ने छ ।
३. PE-100 PN-10 Pipe आपूर्तिको लागि दरभाउपत्र दाता आफै पि.ई-१०० पि.एन-१० पाइप उत्पादन कर्ता भएमा आफैले दरभाउपत्र खरिद गर्न पाउने र दरभाउपत्र दाता आफैले उक्त पाइप नबनाउने वा उत्पादन नगर्ने भएमा सार्वजनिक खरिद नियमावली २०६४ को नियम २५ को उपनियम (३) बमोजिम PE-100 PN-10 Pipe अपूर्ति गर्ने सम्बन्धी सम्पूर्ण अधिकार आफुलाई एकलौटी रुपमा रिक्तपूर्वक प्रदान गरेको कुरा प्रमाणित गर्ने कागजात दरभाउपत्रदाताले दरभाउपत्र खरिद गर्दा पेश गर्नु पर्नेछ ।
४. दरभाउपत्र पेश गर्दा माथि उल्लेखित प्रमाणहरुको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी कार्यालयबाट विक्री भएको दरभाउपत्र फारामको BOQ मा दररेट महलको अंक र अक्षर दुवै स्पष्ट उल्लेख हुनु पर्नेछ । केरमेट भएको खण्डमा सम्बन्धित फर्मको सही छाप भएको हुनु पर्दछ । अंक र अक्षरमा फरक परेमा अक्षरको लेखाइलाइ मान्यता दिइनेछ ।
५. जमानत वापतको धरौटी रकम जलेश्वर स्थित राष्ट्रिय वाणिज्य बैंक मा रहेको कोष तथा लेखा नियन्त्रक कार्यालय महोत्तरीको प्रदेश धरौटी खाता नं. **१२७०५०२००००००** कोड नं. **३३७०५१८०१२** र दरभाउपत्र खरिदको लागि राजश्व खाता नं. **१०००२०००१००००** कार्यालय कोड न ३०५०४१८०१ मा जम्मा गरेको सक्कल भौचर वा मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरेको कम्तीमा १२० दिन म्याद भएको बैंक जमानत पत्र (BID BOND) दरभाउपत्र साथ पेश गर्नु पर्नेछ ।
६. यो सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० बजे सम्म, विक्री भइसकेको दरभाउपत्रहरुको दर्ता कार्य यस कार्यालयमा मात्र हुनेछ । उक्त बोलपत्रहरु दिनको २:०० बजे उपस्थित दरभाउपत्रदाता वा निजको अधिकार प्राप्त प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । आधिकारीक व्यक्तिहरु उपस्थित नभए पनी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।
७. दरभाउपत्र पेश गर्दा मु.अ. कर बाहेकको दररेट पेश गर्नु पर्नेछ ।
८. कार्यालयले उपलब्ध गराएको दरभाउपत्र सम्बन्धी कागजातमा कुनै थपघट गर्न पाइने छैन । समयभित्र प्राप्त नभएको, रिक्त नपुगेको, दरभाउपत्रको शर्त विपरीत भएको दरभाउपत्र उपर कुनै कार्यवाही हुने छैन ।
९. दरभाउपत्र खरिद/दर्ता गर्ने दिन विदा पर्न गएमा सो को भोलिपल्ट उक्त कार्यहरु गरिनेछ ।
१०. प्राप्त हुन आएका दरभाउपत्र स्वीकृत गर्ने, रद गर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
११. दरभाउपत्र सम्बन्धी अन्य कुनै कुरा बुझ्नु पर्ने भएमा कार्यालय समयभित्रमा यस कार्यालयमा सम्पर्क राख्न सक्नु हुनेछ ।
१२. यस सूचनामा उल्लेख नभएको अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम हुनेछ ।

**तपसिल**

| दरभाउपत्र नं. | कामको विवरण | आयोजना / निर्माण स्थल | ल.ई. रकम (रु) (भ्याट बाहेक) | धरौटी रकम (रु) | दरभाउपत्र फाराम दस्तुर (रु) |
|---|---|---|---|---|---|
| १. | पि.ई-१०० पि.एन-१० पाईप विभिन्न साईजको आपुर्ति कार्य | गौशला सोगातटोल खा.पा.आ | १७५६८७५.१२ | ५००००।- | १०००।- |
| २ | पि.ई-१०० पि.एन-१० पाईप विभिन्न साईजको आपुर्ति कार्य | हाथिलेट सतखोली खा.पा.आ | १७६४८०२.०० | ५००००।- | १०००।- |
| ३ | पि.ई-१०० पि.एन-१० पाईप विभिन्न साईजको आपुर्ति कार्य | बिजलपुरा खा.पा.आ र लक्ष्मिनिया६,७,८ खा.पा.आ | १७६५७३९.३० | ५००००।- | १०००।- |
| ४ | पि.ई-१०० पि.एन-१० पाईप विभिन्न साईजको आपुर्ति कार्य | पर्वता खा.पा.आ | १७६९००९.६७ | ५००००।- | १०००।- |
| ५ | पि.ई-१०० पि.एन-१० पाईप विभिन्न साईजको आपुर्ति कार्य | सिंग्याही मडान खा.पा.आ | १७६८९१०.०५ | ५००००।- | १०००।- |
| ६ | पि.ई-१०० पि.एन-१० पाईप विभिन्न साईजको आपुर्ति कार्य | सिनुरजोडा,लालगढ र धनेश्वर खा.पा.आ | १७३२०२८.६४ | ५००००।- | १०००।- |



नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
## सडक डिभिजन, दमौली, तनहुँ

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति २०७७/०२/३२

यस सडक डिभिजनवाट bolpatra.gov.np/egp तथा मिति २०७६/११/१९ गतेको सौर्य राष्ट्रिय दैनिक, मिति २०७६/१२/०२ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक र मिति २०७६/१२/२० गतेको आर्थिक राष्ट्रिय दैनिकहरुमा प्रकाशित सुचनाहरु अनुसार प्राप्त वोलपत्रहरुको मुल्याङ्कन पश्चात् न्यूनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही बोलपत्र देहाय बमोजिम भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) र दफा ४७ को प्रयोजनार्थ वोलपत्र स्विकृतिको लागि छनौट गर्ने आशयको सूचना प्रकाशित गरिएको व्यहोरा सम्वन्धित सवैमा जानकारीको लागि अनुरोध छ ।

| सि. नं. | ठेक्का नं. | निर्माण व्यवसायीको नाम | कबोल अंक (मु.अ.कर समेत) |
|---|---|---|---|
| 1 | RDDML/337310113_Rec/076/77-042 (Re) | Vision Nirman Sewa, Tanahun | 70,66,440.09 |
| 2 | RDDML/337310113_Spec/076/77-043 (Re) | Khadgadevi Construction, Tanahun | 47,49,943.71 |
| 3 | RDDML/33701137/076/77-045 | Mir Nepal Construction, Kaski | 1,42,70,460.46 |
| 4 | RDDML/33701137/076/77-046 | Golden Key Builders Pvt. Ltd., Gorkha | 59,30,162.79 |
| 5 | RDDML/33701137/076/77-047 | Hazel Builders and Suppliers Pvt. Ltd., Tanahun | 1,36,03,927.00 |
| 6 | RDDML/33701137/076/77-048 | Hazel Builders and Suppliers Pvt. Ltd., Tanahun | 1,35,48,727.77 |
| 7 | RDDML/33701137/076/77-049 | Tirupati Construction, Lamjung | 1,37,56,820.09 |
| 8 | RDDML/33701137/076/77-050 | Mir Nepal Construction, Kaski | 1,34,35,784.40 |
| 9 | RDDML/33701137/076/77-051 | Belu Nirman Sewa, Tanahun | 75,03,775.51 |
| 10 | RDDML/337310113_Per 076/77-032 (Re) | Nayabato/Bhanja JV, Kaski | 2,01,23,031.62 |
| 11 | RDDML/33701137/ 076/77-054 | Siddhi Binayak Nirman Sewa, Lamjung | 1,14,02,550.04 |
| 12 | RDDML/33701137/ 076/77-055 | Machhapuchre Nirman Sewa Pvt. Ltd, Lamjung | 65,65,720.36 |
| 13 | RDDML/33701137/ 076/77-056 | Machhapuchre Nirman Sewa Pvt. Ltd, Lamjung | 1,12,56,395.56 |
| 14 | RDDML/33701137/ 076/77-057 | Siddhi Binayak Nirman Sewa, Lamjung | 74,92,354.71 |
| 15 | RDDML/33701137/ 076/77-060 | Divine Light Construction, Bharatpur | 1,41,34,807.27 |
| 16 | RDDML/33701137/ 076/77-061 | Champawati Nirman Sewa, Lamjung | 62,39,400.09 |
| 17 | RDDML/337310113_Per/076/77-068 | Nayabato/G.S. Engineering JV, Kaski | 4,38,64,729.01 |

(डिभिजन प्रमुख)

# प्यूठान नगरपालिकाले दियो ५१० जनालाई रोजगारी

## जिल्लामा प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि पौने ३ करोड

**रविन विश्वकर्मा/मध्यान्ह**
प्यूठान, ३१ जेठ



जिल्लाको प्यूठान नगरपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रम शुरु भएको छ । नगरपालिकाले प्रधानमन्त्री रोजगार कार्याक्रम अन्तरगत स्थानीय युवाहरुलाई रोजगार दिएको छ ।लम्भिदो लकडाउनका कारण रोजगार गुमाएर दुई छाक टार्नसमेत समस्यामा परेका घर परिवारका लागि रोजगारी दिने गरी प्यूठान नगरपालिकाले कार्यक्रमलाई अघि बढाएको हो। कोरोना भाइरस महामारीका कारण रोजगारी गुमेर दैनिक गुजारा गर्न धौ धौ पर्ने परिवारका लागि प्रधानमन्त्री रोजगार कार्यक्रमले राहत थपेको छ ।

प्युठान नगरपालिका वडा नम्वर ३ मान्द्रेचौरकी जमुना परियार प्यूठान नगरपालीकाद्धारा सञ्चालित प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत विपन्न परिवारको सूचीमा सुचिकृत भइन् । रोजगार कार्यक्रममा सूचीकृत भएपछि उनले २३ दिनका लागी रोजगारी पाएकी छन् । अहिले उनी सापडाडादेखि ठुलासिमसम्म पुग्ने सडक निर्माणको काममा जुटेर बाटो खन्न व्यस्त छिन् । दैनिक ज्यालादारी काम गरेर परिवार पाल्दै आएकी उनलाई लकडाउनले समस्यामा पारेको थियो । तर लकडाउनको समयमा काम गरेवापत दैनिक ६ सय ३० रुपैया ज्याला दिने गरी नगरपालिकाकले काम दिएपछि उनमा मात्र होइन अन्य बेरोजगार स्थानीयमासमेत खुसी छाएको छ ।

'लामो समयको बन्दाबन्दीको कारण काम गर्न नपाउंदा घरमा जोहो गरेको अलिअलि अन्नपनि खाएरै सकिएको थियो,' जमुनाले भनिन, 'अन्न सकिएपछि छोरा छोरीलाई के खुवाउने होला, साँझ बिहान चुलोमा आंगो बल्लि कि नबल्ला भन्ने चिन्ता बढ्दै जान थालेको थियो।' कोरोनाका कारण साहुले पनि उधारोमा खाद्यान्नलगायतका सामग्री दिन छाडेको उनले बताइन् । तर नगरपालिकाले काम दिएपछि काम गरेको ठाउंबाट पैसा लिएर दिउँला भनेपछि साहुले उधारोमा सामान दिन थालेपछि छाक टार्ने समस्या हटेको परियारलेन सुनाइन् । कोरोनाको बिषम परिस्थितिमा नगरपालिकाले रोजगार दिएर आधा पेट खाई भोकै बसेका गरीबका लागि घाउमा लगाउने मल्हम बनेर सहयोग गरेको उनले बताइन् ।

नगरपालिकाले गत साता मंगलबारबाट रोजगार दिन सुरु गरेको हो । रोजगार कार्यक्रम अन्तरगत १० वटै वडाका १३६ पुरुष र ३७४ महिला गरि ५१० जनालाई रोजगारी दिएको नगर प्रमुख खर्जुन कक्षपतीले जानकारी दिए । 'हामीले नगरभित्रका गरिब,बिपन्न,एकल महिला तथा आर्थिक स्थिति कमजोर भएकाहरुलाई रोजगार कार्यक्रममा समावेश गरेका छौं', उनले भने, 'जसले गर्दा दैनिक ज्याला मजदुरी गरेर खाने परिवारलाई राहत मिलेको छ।' विश्वभर महामारीकोरुपमा फैलिएको कोरोना भाइरस संक्रमणको जोखिमलाई ख्याल गर्दै समाजिक दुरी कायम गरेर कामदारहरुले काम गरिरहेको मेयर कक्षपतीले बताए ।

२३ दिनसम्म चल्ने कार्यक्रम नगरपालिकाका सबै वडामा शुरु भएको छ । नगरपालिकाका १० वडामा विभिन्न क्षेत्रका १५ वटा योजनाहरु संचालन भएको रोजगार संयोजक माधव गिरीले बताए । रोजगार कार्यक्रम अन्तरगत नगरपालिकाले स्थानीय बाटो घाटो, सडक, पुल, विद्यालय, खानेपानी मर्मतजस्ता कामहरुमा आफ्ना नागरिकलाई जोडेको छ । यसरी आफ्नै घर आगनमा काम पाएपछि स्थानीयहरु पनि खुसी देखिएका छन् । उनीहरुले पोखरी निर्माण, खानेपानीको मुहान संरक्षण, सार्बजनिक शौचालय, बिद्यालयको भबन निर्माण र मोटरबाटोको मर्मतकानकाम सुरु गरेका छन् ।महिला पुरुष दुवैले एक दिनको काम गरेबापत ज्यालास्वरुप ६ सय ३० रुपैयाँ पाउने छन् । 'आफ्नो गाउँ आफै बनाउँ अभियान' अन्तरगत ७६ लाख ७८ हजार रुपैयाबाट नगरपालिकाका आयोजनाहरुको काम सुरु भइरहेको उनको भनाइ छ ।

### प्यूठानमा प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि पौने ३ करोड

दुई नगरपालिका र सात गाउँपालिका रहेको प्यूठानमा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन गर्न पौने ३ करोड रुपैया बजेट प्राप्त भएको छ ।बेरोजगार युवाहरुलाई रोजगारी दिन प्यूठानका ९ स्थानीय तहलाई २ करोड ७८ लाख ८६ हजार रुपैया बिनियोजन गरिएको छ ।श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले सो कार्यक्रम सञ्चालन गर्नका लागी उक्त रकम छुट्याएको हो ।

प्रधामन्त्री रोजगार कार्यक्रमका लागि नगरपालिकातर्फ सबैभन्दा धैरै प्यूठान नगरपालिकाले ७६ लाख ७८ हजार रकम अनुदान पाएको छ भने गाउंपालिकातर्फ सबैभन्दा कम सरुमारानी र ऐरावती गाउँपालिकाले समान १०/१० लाख रुपैयाँ पाएका छन् । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका अनुसार नौबहिनी गाउँपालिकाले ६३ लाख २७ हजार, मल्लरानी गाउँपालिकाले २५ लाख २८ हजार, माण्डवी गाउँपालिकाले २४ लाख ४५ हजार, स्वर्गद्वारी नगरपालिकाले १९ लाख ८८ हजार, गौमुखी गाउँपालिकाले १६ लाख एक हजार र झिमरुक गाउँपालिकाले २८ लाख १८ हजार रुपैयाँ शसर्त अनुदान रकम पाएका हुन् ।

जिल्लामा प्यूठान नगरपालिकाले रोजगार कार्यक्रम सुरु गरेसँगै अन्य स्थानीयतहले रोजगार कार्यक्रम संचालन गर्ने तयारी गरेका छन। लकडाउनका बेला स्थानीयतहले दैनिक मजदुरी गरेर छाक टार्दै आएका परिवारका लागि छिट्टै नै रोजगारी दिए उनीहरुलाई राहत मिल्ने छ ।

# बागमती प्रदेशले कृषि, उद्यमशीलता र अर्थतन्त्र उकास्ने बजेट ल्याउने

**काठमाडौं/रासस-** बागमती प्रदेश सरकारले आर्थिक वर्ष २०७७÷७८ का लागि ५० अर्ब हाराहारीको बजेट ल्याउने भएको छ । आगामी असार १ गते प्रस्तुत हुने बजेटमा लकडाउनका कारण थलिएको अर्थतन्त्र उकास्ने, कृषि उत्पादन बढाउने तथा उद्यामशीलता वृद्धि गर्नेखालका योजना समेटेर बजेट ल्याउन लागिएको प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री कैलाशप्रसाद ढुङ्गेलले बताए ।

बजेटमा बैंकिङ कारोबारलाई प्रवर्द्धन गर्ने, युवालाई उत्पादनमा जोड्न रोजगारमूलक तथा आयमूलक कार्यक्रम र 'कोभिड विशेष' कृषि कार्यक्रमलाई जोड दिइने जनाइएको छ। विदेशबाट फर्किएका वा स्वदेशमा रहेका तथा कृषिसम्बन्धी अनुभव, ज्ञान र सीप बटुलेका कृषि र पशुपक्षी विषयमा अध्ययन पूरा गरेर बेरोजगार रहेका युवालाई कृषिमा आवद्ध गरी उत्पादनमा जोड्न विशेष रोजगार तथा आयमूलक कोभिड विशेष कृषि कार्यक्रमको थालनी गर्न लागेको प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले जनाएको छ ।

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले आगामी आर्थिक वर्षको बजेटमार्फत करिब तीन लाख युवालाई रोगजारी दिने गरी बजेट ल्याउन लागेको छ । मन्त्रालयले अल्पकालीनरूपमा धैरै युवालाई रोजगारी दिन तथा स्वरोजगार बनाउन लागेको जनाएको छ। लघुउद्यमअन्तर्गत कुटिर उद्योग चलाउनेलाई प्राथमिकता दिएर प्रदेशका हरेक स्थानीय तहमा ३० लाखका दरले बजेट दिएर युवालाई रोजगारी दिने कार्यक्रम रहेको छ । त्यसबाहेक 'मेरो उद्यम, अति उत्तम' कार्यक्रमअन्तर्गत ७ हजार १४० जनालाई रोजगारी दिन लागिएको मन्त्रालयले जनाएको छ ।

त्यसैगरी व्यावसायिक जडीबुटी फार्म सञ्चालनबाट ६ हजार ४ सय रोपनीमा विभिन्न किसिमका खेती गर्न दिने र २५ हजार २ सय जनालाई रोजगारी दिइने तयारीसाथ बजेट निर्माण गरिएको मन्त्रालयका कर्मचारी बताउँछन् । विदेशबाट फर्किएका २ हजार ९ सय ४० युवालाई ६ महिना रोजगारी दिनेगरी कार्यक्रम तयार पारिँदै गरेको मन्त्रालयले जनाएको छ। वनजन्य फलफूल र जडीबुटी खेती गर्नका लागि १९ लाख ५० हजार बिरुवा रोप्ने तयारी गरिएको छ ।

त्यस्तै, उत्पादन र रोजगारी वृद्धि गर्न औद्योगिक क्षेत्रको विकास र प्रवर्द्धनका लागि सिन्धुलीको हरि हरपुरगढी र मकवानपुरको मनहरिमा प्रदेश औद्योगिक क्षेत्र स्थापनाको कार्य प्रारम्भ भएको, 'एक निर्वाचन क्षेत्र, एक उद्योग ग्राम' कार्यक्रमअन्तर्गत १० निर्वाचन क्षेत्रमा सम्भाव्यता अध्ययन, वातावरणीय अध्ययन र जग्गा प्राप्तिको प्रक्रिया थालनी गरिएको सरकारले नीति तथा कार्यक्रममार्फत जानकारी दिएको छ।

'उद्यमीको हात, प्रदेश सरकारको साथ' भन्ने सोचका साथ बेरोजगार युवा तथा विदेशबाट फर्किएका जनशक्तिलाई लक्षित गरी उत्पादन वृद्धिका लागि रोजगारी सिर्जना र प्रविधि हस्तान्तरण, स्थानीय र स्वदेशी कच्चा पदार्थको स्थानीयस्तरमै प्रशोधन, कृषि, फलफूल, जडीबुटी, वनमा आधारित लघु, घरेलु तथा साना उद्योगको सञ्चालनमा प्रोत्साहनलगायतका कार्यक्रम बजेटमा आउने बताइएको छ ।

कागज उद्योग सञ्चालनको पूर्वाधार तयारी गरी सञ्चालनमा ल्याउने, संघीय सरकारको समन्वयमा प्रदेशभित्रका खनिजजन्य एवं रुग्ण तथा हाल सञ्चालनमा नरहेका उद्योगहरूको यथार्थ अवस्थाको अध्ययन गरिने, संघीय सरकारको समन्वयमै निर्माणजन्य सामग्रीको दिगो व्यवस्थापनका लागि नदीजन्य पदार्थको दोहनबाट हुने क्षतिलाई न्यूनीकरण गर्न उपयोगमा नआएका पहाड उत्खनन गरी आपूर्ति व्यवस्था मिलाउने पनि प्रदेश सरकारको योजना रहेको छ ।

हिलस्टेशन, नमूना गन्तव्य, पर्यटन ग्राम सञ्चालन, दोलखामा फिल्मसिटी र गौरीशङ्कर परिपथ निर्माणजस्ता कार्यान्वयनमा रहेका निर्माणाधीन पर्यटन पूर्वाधार विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ । काभ्रेपलाञ्चोक र सिन्धुपाल्चोकमा नरम काठ उद्योगका लागि काष्ठ सिजनिङ तथा ट्रिटमेन्ट प्लान्ट स्थापनाको अध्ययन प्रारम्भ भएको पनि सरकारले जनकारी दिएको छ।

स्थानीय तहसँगको सहकार्यमा गरिबका लागि कबुलियती वन र सामुदायिक वनको खाली जमिन, सार्वजनिक, पर्ती, ऐलानी तथा नदी उकासको जग्गामा फलफूल, जडीबुटी तथा आयमा वृद्धि हुने बिरुवाको उत्पादन तथा वृक्षरोपण कार्यक्रम सञ्चालन गर्ने भएको छ ।

# नेपाल एयरलायन्सको भाडादर घट्यो



**काठमाडौं/मस-** नेपाल वायुसेवा निगमले खाडी राष्ट्रलगायत मुख्य श्रम गन्तव्य मुलुकबाट नेपालीलाई नेपाली विमानमार्फत स्वदेश फर्काउन यसअघि जारी भाडादरका सम्बन्धमा आएका गुनासो सम्बोधन गर्दै हवाई भाडादर घटाउने निर्णय गरेको छ।

नेपाल सरकारको अनुरोधबमोजिम अधिकतम प्रयासस्वरुप सो निर्णय लिइएको निगमले जनाएको छ। संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री योगेशकुमार भट्टराईले शनिबार नै मन्त्रालयमा छलफल गरी हालको प्रस्तावित हवाई भाडादरमा पुनरवलोकन गर्न निगम र हिमालयन एयरलाइन्सलाई अनुरोध गरेका थिए ।

विभिन्न देशमा रहेका नेपालीका पिरमर्कालाई ध्यानमा राखी निगमले यस विषम परिस्थितिमा मुनाफाभन्दा पनि सामाजिक उत्तरदायित्वलाई मनन गर्दै चार्टर उडानको भाडादर घटाउने निर्णय लिएको स्पष्ट गरेको छ ।

सो निर्णयबाट विशेष गरी खाडी राष्ट्र, मलेसिया र साइप्रसमा रहेका नेपाली नागरिकलाई प्रत्यक्ष राहत पुग्ने विश्वास लिइएको जनाउँदै निगमले आफू सम्पूर्ण नागरिकको सेवामा सदैव तत्पर रहेको प्रतिबद्धता व्यक्त गरेको छ।

# कोरानाबाट जोगिने स्वास्थ्य सामाग्री किन्दा मेगा बैंकका ग्राहकलाई विशेष छुट

**काठमाडौं/मस-** कोरोना महामारीबाट सावधानी अपनाउन आवश्यक पर्ने बिभिन्न स्वास्थ्य सामाग्रीहरु खरिदमा मेगा बैंक नेपाल लिमिटेडका ग्राहकहरुलाई विशेष छुटको व्यवस्था गरिएको छ ।

मेगा बैंकका ग्राहकहरुलाई रिचार्जर नामक अनलाइन सपिङबाट स्वास्थ्य सामाग्री खरिद गर्दा विशेष छुटको व्यवस्था गरिएको हो । पीपीई, सेनिटाइजर, इन्फ्रारेड थर्मोमिटर, सर्जिकल मास्क, ग्लोब्स, सेफ्टी सुज, सेफ्टी चश्मा, फेस प्रोटेक्टर, डिस्इन्फेक्टेन्ट स्प्रे लगायत विभिन्न सामाग्री खरिदमा मेगा बैंकका ग्राहकहरुलाई छुटको व्यवस्था गरिएको रिचार्जरले जनाएको छ ।

मेगा बैंकका डेबिट र क्रेडिट कार्डबाहक ग्राहकहरुले कार्डबाट इकमर्समार्फत रकम भुक्तानी गर्दा प्रत्येक पटक १० प्रतिशत र अधिकतम ५ सय रुपैंयासम्म छुटको व्यवस्था गरिएको छ । रिचार्जरको वेभसाइट तथा मोबाइल एप्समार्फत ग्राहकहरुले सामान अर्डर गर्न सक्नेछन् ।

देशव्यापी लकडाउनको असहज अवस्था तथा कोरोनाको सम्भावित खतराबाट जोगिन सहज होस् भन्ने उद्देश्यले यो व्यवस्था गरिएको मेगा बैंकले जनाएको छ।

# आन्दोलनको चेतावनी



**मेलम्ची/मस-** मेलम्ची खानेपानी आयोजनाबाट पाउनुपर्ने बाँकी रकम भुक्तानीको माग गर्दै स्थानीय सप्लायर्सले आयोजनाविरुद्ध पुनःआन्दोलनको तयारी गरेका छन् । आगामी असार १ गतेदेखि विभिन्न रणनीतिसहित आन्दोलनलाई अगाडि बढाउने आयोजना पीडित स्थानीय सप्लायर्स उत्तरकुमार श्रेष्ठले जानकारी दिए ।

आयोजनाबाट पीडित मजदूर तथा सप्लायर्सको समस्या समाधानका लागि २०७६ असार २५ गते खानेपानीमन्त्री बीना मगरको अध्यक्षतामा सभामुख अग्निप्रसाद सापकोटा, पूर्वकानूनमन्त्री एवं सिन्धुपाल्चोकका सांसद शेरबहादुर तामाङ, मेलम्ची खानेपानी आयोजनाका उपकार्यकारी निर्देशक रामप्रसाद अर्याल, सचिव दीपेन्द्रनाथ शर्माको उपस्थितिमा जिल्ला समन्वय समिति सिन्धुपाल्चोकका प्रमुख कृष्णगोपाल तामाङको संयोजकत्वमा प्राविधिक कार्यदलसमेत गठन भएको थियो । गठित कार्यदलले समस्या समाधानका लागि ठोस काम गर्न नसकेको संयोजक तामाङले जानकारी दिए ।

आयोजनाविरुद्ध मजदूर तथा सप्लायर्सको गत भदौमा एक साता लामो आन्दोलनपछि भएको सहमतिमा पनि समस्या समाधानका लागि सम्बन्धित निकायले चासो नदेखाएपछि असन्तुष्ट स्थानीय भेन्डर तथा सप्लायर्सले पुनःआयोजनाविरुद्ध कडा आन्दोलनको तयारी गरेको स्थानीय सप्लायर्सले बताएका छन् ।

सत्र महिनाभन्दा बढी समय कुर्दा पनि आयोजनाले पीडितको समस्या समाधानका लागि बेवास्था गरेपछि स्थानीय भेन्डर तथा सप्लायर्सले २०७६ चैत १३ गतेदेखि नै आन्दोलन गर्ने कार्यक्रम तय गरेका थिए । तर देशमा जारी लकडाउनका कारण संयमित बनेको बताउने सप्लायर्सले लकडाउनको मौका पारी आयोजना सम्पन्न गर्ने र पीडितको मागलाई लत्याउँदै खानेपानी काठमाडौं लैजाने नियत राखेपछि जुनसुकै अवस्थामा पनि असार १ गतेदेखि आन्दोलनमा उत्रिने स्थानीय सप्लायर्स श्रेष्ठको भनाइ छ । आयोजनाले स्थानीय सप्लायर्सहरुको साढे सत्र करोडभन्दा बढी रकम भुक्तानी दिन बाँकी रहेको पीडित सप्लायर्सले बताउँदै आएका छन् ।

# चिनीको सम्भावित अभावबारे उपभोक्ता मञ्चद्वारा सरकारको ध्यानाकर्षण

**ललितपुर/मस-** उपभोक्ता अधिकारको क्षेत्रमा कृयाशिल संस्था राष्ट्रिय उपभोक्ता मञ्चले बजार स्थितिबारे गरिएको अन्वेषणकाक्रममा चिनीको अभाव हुने देखिएको औंल्याएको छ। गत बिहीबार प्रधानमन्त्रीलाई सम्बोधन गर्दै मञ्चका अध्यक्ष प्रेमलाल महर्जनद्वारा प्रेषित पत्रमा चिनीको अभाव हुन नदिन चिनीको आपूर्ति व्यवस्थापन सहज गर्दै सुलभ मूल्यमा उपलब्ध गराउन माग गरिएको छ ।

पत्रमा आम नागरिकको लागि आवश्यक पर्ने दैनिक अत्यावश्यक वस्तुहरुको सहज आपूर्ति गर्ने जिम्मेवारी नेपाल सरकारकै भएकोमा दुइमत नरहेको उल्लेख गर्दै बजारलाई प्रभावित पारेर अनुचित व्यापारिक कृयाकलाप गर्ने केही व्यवसायीहरुले दैनिक उपभोग्य वस्तुहरुको अभाव श्रृजना गरी मूल्यबृद्धि गर्ने र गलत तरिकाले फाइदा उठाउन खोजेको घटनाहरु हुंदै आएको जानकारी गराएको छ ।

मञ्चले अहिले बजारमा दाल, चामल, नून तेलजस्ता अत्यावश्यक खाद्यवस्तुहरुको उचित व्यवस्थापनको कारण बजारमा खाद्यान्नको अभाव नरहेको औंल्याउँदै बिगतका वर्षहरुदेखि नै समस्याको रुपमा रहेको चिनीको उत्पादन, आपूर्ति व्यवस्थापन तथा बितरण प्रणालीमा यस बर्ष पनि समस्या आउने सम्भावना प्रवलरुपमा देखिएको उल्लेख गरेको छ ।

मञ्चले साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेडसँग चिनीको मौज्दात सिमित रहन गएको र आन्तरिक उत्पादनको चिनी पनि अत्यन्त कम मात्रामा मौज्दात रहेको भन्ने बिश्वस्त शुत्रबाट जानकारी हुन आएको बताउँदै यस अवस्थाले बजारमा चिनीको अभाव हुने कुराको पुष्टि हुन्छ भन्ने बोध गराएको, साथै स्वदेशी उद्योगीहरुले बिदेशबाट आयात हुने चिनीमा अत्याधिक भन्सार महसुल लगाउन अनुचित दवाब दिनाले आयातित चिनीको मूल्यसमेत बृद्धि हुन जाने सम्भावनाले थप चिन्ता लिनुपर्ने अवस्था आएको पत्रमा उल्लेख छ ।

निवेदन पत्रमा अगाडि भनिएको छ, 'नेपालमा चिनीको वार्षिक आवश्यकता करिब २८० हजार मेट्रिक टन रहेको छ भने स्वदेशी चिनी उद्योगहरुले यस वर्ष करिब १८० हजार मेट्रिक टन मात्र उत्पादन गर्न सकेको देखिन्छ । मागको तुलनामा उत्पादन करिब १०० हजार मेट्रिक टन न्यून हुन जाँदा बजारमा आपूर्ति व्यवस्थापन गर्न एक मात्र विकल्पकोरुपमा तेश्रो बजारबाट आयात गरी आपूर्ति व्यवस्थापन सहज गर्नुपर्ने देखिन्छ । अहिले तेश्रो बजारमा स्वदेशी चिनीको मूल्यको तुलनामा अत्यन्त सस्तो रहेको छ । विश्व बजारमा गुणस्तरीय चिनी प्रति किलो ५५ रुपैयाँ खुद्रा मूल्यमा पाउने अवस्था विद्यमान रहेको र स्वदेशी उद्योगीहरुलेसमेत यस वर्ष करिब ४० हजार मेट्रिक टन चिनी आयात गरी आपूर्ति व्यवस्थापन गर्नुपर्ने कुरा आपूर्ति मन्त्रालयका जिम्मेवार पदाधिकारीहरुलाई अवगत गराइसकेको अवस्थामा सस्तो दरमा गुणस्तरीय चिनी आयात गर्ने उपयुक्त समय अहिले नै भएको व्यहोरा सम्माननीय प्रधानमन्त्रीज्यूमा अवगत गराउन चाहन्छौं ।'

साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेडसँग स्टकमा रहेको चिनी सिद्धिन लागेपछि बजारमा कृत्रिम अभाव श्रृजना गरी मूल्यबृद्धि र कालोबजारी गर्ने व्यवसायीहरुको विगतको परम्परा यस वर्ष पनि दोहोरिन सक्ने सम्भावनालाई औंल्याउँदै मञ्चले आम उपभोक्ताको हितको लागि समयमा नै पर्याप्त चिनीको आपूर्ति व्यवस्थापन गरी सर्वसाधारणले सहज रुपमा पाउने व्यवस्था गर्न आग्रह गरेको छ ।

www.madhyanhadaily.com
मध्यान्ह दैनिकको
facebook Page
Madhyanha News

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
डि. आर. ट्रेडिङ्ग कन्सर्न
मो.: ९८४१५६५७९४, ९८०८४५००२, ९८१३२५४२७५

दिवा सेवा तथा रात्री सेवा
माउण्ट मकालु यातायातको काउन्टर
नयाँ बसपार्कमा पनि खुलेको
यात्रुहरूलाई जानकारी गराईन्छ ।
सम्पर्क : कलंकी : फोन : ४२८१९७२
प्रेम रतन डिलक्स काठमाडौं-गौर, सम्पर्क : ९८५१०६३०४२ (प्रेम)
ग्यालक्सि डिलक्स : लालवन्दी-मलंगवा
९८१३६६६७०० रामहरी

अब जनता बोल्छन्, जनतापाटी सँगै...
जनतापाटी
www.janatapati.com
Janatapatinews Janatapati Janatapati

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रकः एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**